# विद्युत नियमन आयोग सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६ (मस्यौदा)

**प्रस्तावना:** आयोगले ऐन, नियमावली बमोजिम गर्ने सार्वजनिक सुनुवाईको कार्यलाई सरल, व्यवस्थित र एकरुपता कायम गर्न, सरोकारवालाहरुले जानकारी पाउने हक तथा स्वच्छ, निश्पक्ष सुनुवाईको अधिकारलाई सुनिश्चितता प्रदान गर्न सार्वजनिक सुनुवाई सम्वन्धी निर्देशिका बनाउन वाञ्छनीय भएकोले,

बिद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

१. **नाम र प्रारम्भ:** (१)यो निर्देशिकाको नाम "सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६ (मस्यौदा)" रहेको छ ।

(२) यो निर्देशिका आयोगले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) निर्देशिको प्रयोग र पालना : यो निर्देशिकाको प्रयोग र पालना गर्ने दायित्व आयोग र आयोगबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने आयोगका पदाधिकारी, समिति, उपसमिति, सचिव, आयोगमा कार्यरत कर्मचारी, अधिकारी र सरोकारवाला सबैको हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "ऐन" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बिद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको बिद्युत नियमन आयोग सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "निर्देशिका" भन्नाले सार्वजनिक सुनुवाई सञ्चालननिर्देशिका, २०७६ सम्झनु पर्छ ।

(च) "सार्वजनिक सुनुवाई" भन्नाले आयोगले विद्युत् महसुल निर्धारण, विद्युत खरिद दर निर्धारण, प्रसारण शुल्क निर्धारण, विद्युत व्यापारसँग सम्बन्धित विषयमा तथा आफ्नो अधिकार र कामसँग सम्बन्धित विषयमा निर्णय गर्नु पूर्व वा आयोगले उपयुक्त ठानेका अन्य विषयमा सार्वजनिक स्थानमा खुल्ला छलफल गरि गरिने सुनुवाईलाई सम्झनु पर्छ ।

(ज) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(झ) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष र सदस्यहरु सम्झनु पर्छ ।

(ञ) "सरोकारवाला पक्ष" भन्नाले विद्युत उपभोग गर्ने उपभोक्ता, सर्वसाधारण व्यक्ति, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि, बिषय बिज्ञ, स्थानीय प्रशासन, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सम्बन्धित क्षेत्रका बुद्धिजिबी, अनुमति प्राप्त संस्थाका प्रतिनिधि, आयोजना प्रभावित क्षेत्रका बासिन्दा, उपभोक्ता हित संरक्षण सम्बन्धि संस्थाका प्रतिनिधि, अधिकारकर्मी, संचारमाध्यम, सञ्चारकर्मी समेतलाई सम्झनु पर्छ ।

(ट) "अधिकारी" भन्नाले सार्वजनिक सुनुवाईको कार्यमा आयोगका तर्फबाट संलग्न हुने व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## सार्वजनिक सुनुवाईको विषय, मापदण्ड र बिधि

**३. सार्वजनिक सुनुवाई गर्ने विषयः** (१) आयोगको क्षेत्राधिकार भित्र पर्ने देहायको विषयमा आयोगले यस निर्देशिका बमोजिम सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(क) बिद्युत महशुल निर्धारण गर्न,

(ख) बिद्युत खरिद दर निर्धारण गर्न,

तर, आयोग गठन पूर्व प्रचलनमा रहेको विद्युत खरिद दरलाई नै कायम राखि "विद्युत खरिद बिक्रि तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली,२०७६" को विनियम ८ को उपविनियम (२) र उपविनियम (३) अनुसारको विद्युत खरिद बिक्रीदर कायम रहेसम्म सार्वजनिक सुनुवाई आवश्यक पर्ने छैन ।

(ग) प्रशारण शुल्क (Wheeling Charge) निर्धारण गर्न,

(घ) बिद्युत व्यापार संग सम्बन्धित बिषय,

(ङ) आयोगले आफ्नो अधिकार र काम कारवाहिसंग सम्बन्धित उपयुक्त ठानेका अन्य विषय ।

(२) उपदफा(१) मा जुसुकै कुरा लेखिएको भएता पनि देहायका विषयमा सार्वजनिक सुनुवाई गरिने छैन ।

(क) अदालतमा विचाराधिन मुद्दाको विषय,

(ख) कानून बमोजिम गोपनियता कायम राख्नुपर्ने विषय,

(ग) कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने विषय,

(घ) शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा अनुसन्धान एवं छानविन प्रकृयालाई प्रतिकूल असर पर्ने विषय,

(ङ) आयोगले उपयुक्त ठानेका अन्य विषय ।

४. **सार्वजनिक सुनुवाई सम्वन्धी मापदण्ड :**(१) आयोगबाट सार्वजनिक सुनुवाई गर्दा देहाय बमोजिमको मापदण्डको अवलम्बन गर्नुपर्नेछ :

(क) सार्वजनिक सुनुवाई गर्ने बिषयमा मात्र सुनुवाई केन्द्रित हुनुपर्ने ,

(ख) खुला, स्वतन्त्र र व्यवस्थित रुपमा ईच्छुक सहभागीले सुनुवाईमा सरिक हुन पाउने,

(ग) सहभागीहरुलाई तथ्य र आधार सहित यथार्थ तथ्य प्रस्तुतिका लागि प्रोत्साहन गर्ने,

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि सार्वजनिक सुनुवाईको उदेश्यको प्रकृति, संवेदनशिलता र औचित्यतालाई विचार गरी आयोगले उपयुक्त ठहऱ्याएका व्यक्ति मात्र सहभागी हुन पाउने गरी सार्वजनिक सुनुवाई गर्न बाधा पर्ने छैन ।

५. **सार्वजनिक सुनुवाईमा सहभागीले पालना गर्नुपर्ने नियमः** (१) सार्वजनिक सुनुवाईमा सहभागीहरुले देहाय बमोजिमको नियम पालना गर्नु पर्नेछ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, सामाजिक सद्भाव, लैंगिक विभेद, कुनै खास वर्ग वा समुदायको सम्बन्धमा खलल पर्ने वा जातीय विद्वेष ल्याउने किसिमले लिखित वा मौखिक प्रस्तुतीकरण गर्न पाईने छैन ।

(ख) नेपालको राजनैतिक प्रणाली वा राजनैतिक संयन्त्र वा यसका सञ्चालक वा कुनै पनि राजनीतिक तह वा निकायका विरुद्ध प्रस्तुतीकरण गर्न पाईने छैन ।

(ग) अदालतमा विचाराधीन विषयमा प्रस्तुतीकरण गर्न पाईने छैन ।

(घ) अनुमानको आधारमा विषय छनौट र प्रस्तुतीकरण गर्न पाईने छैन सम्बन्धित विषय र तथ्यमा केन्द्रित रहेर आफूले देखे, सुने वा थाहा पाएको व्यहोरा राख्नु पर्नेछ ।

(ङ) शिष्ट र मर्यादित भाषाको प्रयोग गर्नु पर्नेछ । कसैले पनि एकअर्का प्रति आरोप प्रत्यारोप वा सवालजवाफ गर्न पाइने छैन ।

(च) सहभागिहरुको भनाई पूरा भएपछि मात्र प्रतिउत्तर दिने वा अर्को वक्तालाई पालो दिनु पर्नेछ ।

(छ) निर्धारित पालो र समय सीमाको अधिनमा रहेर आफ्नो विचार राख्नु पर्नेछ ।

(ज) सुनुवाईको श्रव्यदृश्य छायाङ्कन र टिपोट गर्ने कार्य सुनुवाईका लागि आयोगबाट खटिएका व्यक्तिहरु बाहेक अरुले गर्न हुदैन ।

तर आयोगले अनुमति दिएका व्यक्तिले तोकिएको शर्तको अधिनमा रही सुनुवाईको श्रव्यदृश्य छायाङ्कन र टिपोट गर्ने कार्य गर्न सक्नेछ ।

(झ) सुनुवाईलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सबैले सहयोग गर्नु पर्नेछ ।

(ञ) आयोगबाट निर्धारण गरिएका आचारण र नियमहरुको पालना सबैले गर्नु पर्नेछ ।

(२) तोकिएको नियम पालना नगर्ने व्यक्तिलाई आयोगबाट सार्वजनिक सुनुवाईको लागि खटिएको टोलीले सो कार्य नगर्न वा कार्यक्रमस्थलबाट बाहिर जान अनुरोध गर्न सक्नेछ ।

(३) आयोगबाट सार्वजनिक सुनुवाईको लागि खटिएको टोलीको अनुरोधलाई वेवास्ता गरी अनुसूची १ बमोजिम आचरण प्रतिकूल गर्ने जो कोहीलाई स्थानीय प्रशासनको सहयोगमा सुनुवाई कार्यक्रमस्थलबाट बाहिर पठाउन सकिनेछ ।

६. **सार्वजनिक सुनुवाईमा सहभागिताको लागि सूचना गर्ने** :(१) सुनुवाई हुने विषयवस्तु, कार्यक्रम स्थल, मिति र समय उल्लेख गरी सरोकारवाला पक्ष र सर्वसाधारणको जानकारीको लागि सुनुवाई हुनुभन्दा कम्तिमा १५ दिन अगावै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा निम्न विषयहरु समावेश हुनेछन् ।

**(क) विद्युत महशुल निर्धारणका लागि;**

१. सार्वजनिक सुनुवाईमा उपस्थित हुने ग्रार्हस्थ उपभोक्ता, उद्योग व्यवसायी, सर्वसाधारण उपभोक्ताका प्रतिनिधिमूलक संस्था, सम्बन्धित स्थानीय तह र सञ्चार माध्यम सम्बन्धी विवरण,
२. सार्वजनिक सुनुवाईमा आयोगको तर्फबाट उपस्थित हुने पदाधिकारी र प्रतिनिधिको नाम र सम्पर्कको तरिका,
३. सार्वजनिक सुनुवाईमा उपस्थित हुने विद्युत उत्पादक संस्था, वितरण अनुमति प्राप्त व्यक्ति, प्रसारक संस्था, विद्युत खरिद र विक्रिकर्ता र सो को लागि अनुमति प्राप्त व्यक्तिको प्रतिनिधिको नाम र सम्पर्क,
४. सार्वजनिक सुनुवाई गरिने विषय र क्षेत्र,
५. सार्वजनिक सुनुवाईमा भाग लिने, वार्ता गर्न चाहने वा प्रश्नोत्तरमा सहभागी हुने व्यक्तिले पालना गर्नु पर्ने आचार संहिता सम्बन्धी कुराहरु,
६. महसुल निर्धारणमा लिईने आधार र मापदण्ड सम्बन्धी विषयहरु,
७. अनुमति प्राप्त व्यक्ति वा संस्थाको नाम,
८. सार्वजनिक सुनुवाई गरिने क्षेत्रमा रहेका ग्राहक संख्या, खपत हुने विद्युत युनिट,
९. विद्युत प्रसारण लाईन र विद्युत जडान सम्बन्धी आवश्यक विवरण ।

**(ख) बिद्युत खरिद दर निर्धारण, प्रशारण शुल्क निर्धारण तथा बिद्युत व्यापारसंग सम्बधित विषयका लागि**

१. सार्वजनिक सुनुवाईमा उपस्थित हुने आयोजना प्रभावित क्षेत्रका बासिन्दा, उद्योग व्यवसायी, सर्वसाधारण उपभोक्ताका प्रतिनिधिमूलक संस्था, सम्बन्धित स्थानीय तह र सञ्चार माध्यम सम्बन्धी विवरण,
२. सार्वजनिक सुनुवाईमा आयोगको तर्फबाट उपस्थित हुने पदाधिकारी र प्रतिनिधिको नाम र सम्पर्कको तरिका,
३. सार्वजनिक सुनुवाईमा उपस्थित हुने विद्युत उत्पादक संस्था, वितरण अनुमति प्राप्त व्यक्ति, प्रशारक संस्था, विद्युत खरिद र विक्रिकर्ता र सो को लागि अनुमति प्राप्त व्यक्तिको प्रतिनिधिको नाम र सम्पर्क,
४. सार्वजनिक सुनुवाई गरिने विषय र क्षेत्र,
५. सार्वजनिक सुनुवाईमा भाग लिने, वार्ता गर्न चाहने वा प्रश्नोत्तरमा सहभागी हुने व्यक्तिले पालना गर्नु पर्ने आचार संहिता सम्बन्धी कुराहरु,
६. महसुल निर्धारणमा लिईने आधार र मापदण्ड सम्बन्धी विषयहरु,
७. अनुमति प्राप्त व्यक्ति वा संस्थाको नाम,

मस्यौदा

८. सार्वजनिक सुनुवाई गरिने क्षेत्रमा रहेका ग्राहक संख्या, खपत हुने विद्युत युनिट,

९. विद्युत प्रसारण लाईन र विद्युत जडान सम्बन्धी आवश्यक विवरण ।

(२) उपदफा (१) र (२) बमोजिम जारी गरिने सूचनाको संप्रेषणको माध्यम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम गरिने सार्वजनिक सुनुवाईमा असम्बन्धित व्यक्तिको सहभागितालाई आयोगले रोक लगाउन सक्नेछ ।

## परिच्छेद-३

## सार्वजनिक सुनुवाईको सुनुवाई प्रक्रिया र व्यवस्थापन

**(७) सुनुवाईमा संलग्न हुन नहुने :** (१) आयोगको कुनै पदाधिकारी सुनुवाई हुन लागेको संस्थासँग प्रत्यक्ष रुपमा कुनै कारोवारमा संलग्न भएमा त्यस्तो पदाधिकारी सो सुनुवाईमा संलग्न हुने छैन ।

(२) सुनुवाई गर्दा आयोगका अध्यक्ष वा सदस्य मध्ये कम्तिमा १ जना अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

**८. सार्वजनिक सुनुवाई गर्नु पूर्वको तयारी :** (१) सार्वजनिक सुनुवाई गर्नु पूर्व, आयोगले सुनुवाईको कार्ययोजना तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयार गर्नु भन्दा पहिला आयोगले स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय प्रशासन, नागरिक समाज, मानव अधिकारकर्मी, कानून व्यवसायी, महिला अधिकारकर्मी, स्थानीय सञ्चारकर्मी र सरोकारवाला पक्षको समेत परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिने कार्ययोजनामा निम्न विषयहरु समावेश गर्नु पर्नेछ;

(क) सार्वजनिक सुनुवाई केन्द्रित हुनुपर्ने विषयवस्तु निर्धारण,

(ख) सुनुवाई स्थलको चयन र व्यवस्थापन,

(ग) सहभागिको निर्धारण,

(घ) सुरक्षा व्यवस्था,

(ङ) खानेपानी, प्राथमिक उपचार एवं मनोसामाजिक परामर्शको व्यवस्थापन साथै संभावित जोखिम र जोखिम न्यूनिकरणको उपाय,

(च) आयोगले उपयुक्त ठानेका अन्य विषय ।

(४) आयोगले सुनुवाई कार्यक्रममा सहभागि हुन आएका बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिलालाई सहजता प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ ।

(५) आयोगले सुनुवाई कार्यक्रममा सामान्यतया बालबालिका, असाध्य रोगी, अशक्त वृद्धवृद्धालाई सहभागी नहुन अनुरोध गर्नेछ ।

(६) समितिले सुनुवाईका सहभागिहरुसँग आएका बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, गर्भवती महिला र अशक्तलाई सुनुवाई अवधिभर बस्नका लागि छुट्टै व्यवस्था गर्नेछ ।

(७) आयोगले सार्वजनिक सुनुवाई गर्नुपूर्व अनुसूची-२ बमोजिम व्यवस्थापनको तयारी गर्नेछ ।

९. **सार्वजनिक सुनुवाई सञ्चालन प्रक्रिया** :(१) आयोगले सुनुवाईको सञ्चालन देहाय बमोजिम गर्नु पर्नेछ;

(क) सुनुवाई शुरु हुनु अगाडि सुनुवाई हुने विषय सहितको कार्यसूर्च वितरण गर्नुपर्नेछ ।

(ख) सुनुवाईको सञ्चालन आयोगले सार्वजनिक सुनुवाई सम्पन्न गर्न खटाएको समितिको एक सदस्यले गर्नेछ ।

(ग) सुनुवाईको अध्यक्षता कार्यक्रममा उपस्थित आयोगका अध्यक्ष वा सदस्यले गर्नेछ ।

(घ) सहभागिले पालना गर्नुपर्ने आचरण, नियम र समयको बारेमा कार्यक्रम सञ्चालकले जानकारी गराउनेछ,

(ङ) सुनुवाई प्रारम्भ गर्नुभन्दा पहिले कार्यक्रमको उद्देश्यका बारेमा आयोगको सदस्यले जानकारी गराउनेछ,

(च) सुनुवाईमा बोल्न चाहने वक्ताले कार्यक्रम सञ्चालकलाई अग्रिम रुपमा नाम टिपाउनु पर्नेछ ।

(छ) सुनुवाईमा उठेका प्रश्नहरुको जवाफ अनुमति प्राप्त व्यक्तिका प्रतिनिधिले दिनेछ र जवाफ तुरुन्तै दिन नसक्ने वा नमिल्ने अवस्था भएमा सुनुवाईमा उठेका प्रश्नहरुको जवाफ लिखित रुपमा ५ दिन भित्र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(ज) सुनुवाईमा उठाइएका विषय र सो को सम्बोधनका लागि दिइएका प्रतिउत्तर टिपोट गर्नुपर्ने र आयोगबाट उपस्थित अधिकारीबाट प्रमाणित गरिनेछ ।

(झ) सुनुवाईको श्रव्यदृश्य अभिलेखिकरण गर्नेछ ।

(ञ) सुनुवाईको अन्त्यमा कार्यक्रमको अध्यक्षबाट सुनुवाईमा उठेको जिज्ञासाको जवाफ दिइनेछ तर यसरी जवाफ दिदा आयोगबाट निर्क्योल हुनुपर्ने विषयमा धारणा व्यक्त गर्न पाइने छैन ।

१०. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) सार्वजनिक सुनुवाई गर्न आयोगबाट खटिएको समितिले सार्वजनिक सुनुवाई समाप्त भएको मितिले बढिमा ७ दिन भित्र देहायका विषयहरु खुलाई अनुसूची ३ को ढाँचामा आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ;

(क) सार्वजनिक सुनुवाईको विषय,

(ख) सहभागि वक्ताहरुको नाम, ठेगाना र निजहरुले व्यक्त गरेको व्यहोराको सारांश,

(ग) सुनुवाईमा वक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा संयोजकले दिएको जवाफको सारांश,

(घ) सुनुवाईमा सहभागिहरुको विचारको विश्लेषण,

(ङ) समितिको निश्कर्ष र सुझाव,

(२) आयोगबाट सुनुवाईको लागि खटिएको समितिले उपदफा (१) बमोजिम प्रतिवेदन साथ सार्वजनिक सुनुवाईमा अभिलेखिकरण वा लिपिवद्व गरेका श्रव्य/दृश्य सामाग्री लगायतका सम्वद्व कागजातका सक्कलै प्रति आयोग समक्ष पेश गर्नु पर्नेछ।

(३) आयोगबाट सुनुवाईको लागि खटिएको समितिले आयोग समक्ष पेश गर्ने सार्वजनिक सुनुवाई सम्वन्धी प्रतिवेदन आयोगको निर्णय विना सार्वजनिक गर्न पाइने छैन ।

**११. सार्वजनिक सुनुवाई सम्वन्धी सामाग्रीको प्रशारण तथा प्रकाशनः** (१)आयोगबाट सुनुवाईको लागि खटिएको समितिले अभिलेखिकरण गरेको सुनुवाईको श्रव्यदृश्य सामाग्री वा प्रतिवेदनलाई कुनै सञ्चार माध्यमबाट प्रशारण प्रकाशन गराउन आवश्यक देखेमा आयोगले त्यस्तो सामाग्रीको प्रकाशन वा प्रसारण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुनुवाईको श्रव्यदृश्य सामाग्री सञ्चार माध्यमलाई उपलब्ध गराउने स्वीकृती दिँदा आयोगले पीडितहरुको मनसाय, सुरक्षा र गोपनियता एवं त्यस्ता सामाग्रीको प्रशारण वा प्रकाशनले पार्ने प्रभावलाई समेत विचार गर्नु पर्नेछ ।

(३) सुनुवाईको प्रत्यक्ष प्रशारण गराउन आवश्यक देखेमा आयोगले सुनुवाई पूर्व प्रत्यक्ष प्रशारण गर्ने सञ्चार माध्यम तोकी अनुमति दिन सक्नेछ ।

## परिच्छेद(४)

## विविध

**१२. दोभाषेको सहयोग :** सार्वजनिक सुनुवाईमा सहभागी हुने व्यक्तिले नेपाली भाषामा आफ्नो विचार राख्न नसक्ने भएमा समितिले निजको भाषा बुझी अनुवाद गर्न सक्ने दोभाषे व्यक्तिको सहयोग लिन सक्नेछ।

**१३. कुनै कानूनी कारवाही नहुने** : सार्वजनिक सुनुवाईमा व्यक्त गरेको कुरालाई मात्र आधार बनाई कसैलाई कुनै किसिमको कानूनी कारवाही गरिनेछैन ।

**१४. व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिका बमोजिम सार्वजनिक सुनुवाई गर्दा कुनै बाधा अड्काउ आई परेमा आयोगलाई त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

**१५. निर्देशिकाको संशोधनः** आयोगले आवश्यकता अनुसार निर्देशिकाको संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१६. प्रचलित कानून बमोजिम हुने** :सार्वजनिक सुनुवाई गर्ने सम्वन्धमा यस निर्देशिकामा उल्लेख भए बाहेक अन्य व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची (१)

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**सार्वजनिक सुनुवाइको आचारसंहिता**

(१) सहभागिले सभ्य, सरल, मर्यादित र शिष्ट भाषा प्रयोग गर्नु पर्नेछ ।

(२) सहभागीले बोल्दा पालै पालो र एउटा व्यक्तिले एक पटक मात्र बोल्नु पर्नेछ । प्रश्न कसका लागि हो खुलाउनु पर्नेछ ।

(३) सहभागीले बोल्नको लागि लिखित वा संकेत (हात उठाएर) बाट अनुमति लिनु पर्ने छ ।

(४) सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिले स्पष्ट हुनु पर्नेछ ।

(५) संचालकले बोल्ने संकेत गरे पछि मात्र निर्धारित समय सिमा भित्र रहि आफ्नो परिचय दिए पश्चात प्रश्न, जिज्ञासा वा सुझाव राख्नु पर्नेछ।

(६) सहभागीले आफ्नो भनाई विषयकेन्द्रित भई राख्नु पर्दछ । अनावश्यक, अनुपयुक्त, असान्र्दभिक वा अप्रासंगिक भनाई राख्नु हुदैन ।

(८) आफूसँग सम्वन्धित यथार्थ, वास्तविक र पुष्टि हुने कुराहरु मात्रै राख्नु पर्नेछ ।

(९) हरेक सहभागिले कार्यक्रममा व्यक्त भनाईहरु र एक अर्काको विचारको सम्मान गर्नु पर्नेछ ।

(१०) सहभागीले पहिला उठाई सकेको विषयवस्तुलाई पुनरावृति गर्न जरुरी हुने छैन । त्यस्ता विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

(११) सुनुवाईको क्रममा सहभागीले कसै प्रति व्यक्तिगत लाञ्छानायुक्त भाषा प्रयोग गर्न पाईने छैन ।

(१२) व्यक्तिगत चरित्रका कुरालाई सुनुवाईको क्रममा ल्याउन पाइने छैन ।

(१३) सुनुवाईका वक्ता वा सहभागीलाई उत्तेजित पार्ने वा वदलाको भावनाबाट प्रेरित भनाई राख्न वा बोल्न पाइने छैन ।

(१४) सहभागिहरुले समस्या वा गुनासाहरु राखेमा सो को सामाधानको लागि संम्भाव्य सुझाव पनि दिन सक्नेछन् ।

(१५) सञ्चारकर्मीहरु वा अन्य कसैले पनि आयोगको सहमति विना सुनुवाईको क्रममा व्यक्त भनाईहरुको रेकर्ड गर्न पाइनेछैन ।

(१६) सुनुवाईलाई विथोल्ने, अवरोध गर्ने प्रयास कोही कतैबाट भएको पाएमा सबै सहभागी समेत मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

(१७) सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनु पर्नेछ ।

(१८) सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुन आउने व्यक्तिहरुले मर्यादित र सभ्य पोशाक लगाएर आउनु पर्नेछ ।

(१९) सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भनाई र प्रमाणको कसैले पनि दुरुपयोग गर्न पाउने छैन ।

(२०) सार्वजनिक सुनुवाईमा कार्यक्रम अवधिभर मोवाइल साइलेन्ट वा स्वीच अफ  गर्नु पर्नेछ ।

अनुसूची (२)

(दफा १०को उपदफा (१) सँग सम्बन्धित)
बिद्युत नियमन आयोग समक्ष पेश गरेको
सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन

(१) पृष्ठभुमी
(२) सुनुवाई गरेको स्थान, मिति र समयः
(३) सुनुवाईको विषयवस्तुः
(४) सहभागी संख्याः
(५) कार्यक्रमको संयोजकः
(६) कार्यक्रममा सहभागिवक्ताको नाम, थर ठेगाना र निजले व्यक्त गरेको प्रश्न वा जिज्ञासा वा गुनासाको संक्षिप्त व्यहोराः
  (क)
  (ख)
  (ग)
  (घ)
  (ङ)
(६) सहभागिवक्ताहरुले सोधेका प्रश्न वा जिज्ञासा र यसमा आयोगको तर्फबाट संयोजकले दिएको उत्तरको सारांश,
(७) सहभागिहरुको धारणाको तथ्य विश्लेषणः
(८) कार्यक्रमबाट हासिल उपलब्धि र सुझावः
(९) समितिको निश्कर्ष र सुझावः

प्रतिवेदक
(१)
(२)
(३)
(४)
(५)

मितिः

मस्यौदा